**HBL** हिमालयन बैंक लिमिटेड **Himalayan Bank Ltd.**

**को**

# छब्बीसौं वार्षिक साधारण सभाबारे सूचना

२०७५ साल पौष महिना ४ गते बसेको सञ्चालक समितिको बैठक नं. ३६५ को निर्णयानुसार यस बैंकको छब्बीसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। आवश्यक कागजातहरु शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाइने व्यहोरा अवगत गराउँदै सो सभामा उपस्थितिका लागि हार्दिक अनुरोध छ।

**छब्बीसौं वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान**

| | | |
|---|---|---|
| **मिति** | : | **२०७५ साल पौष ३० गते सोमवार (तदनुसार १४ जनवरी २०१९)** |
| **समय** | : | **विहान ११:०० बजे** |
| **स्थान** | : | **कार्की ब्याङ्क्वेट, माईतीघर, काठमाडौं** |

## छलफलका विषय-सूची

**क) सामान्य प्रस्ताव**

१) छब्बीसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन,

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७४/७५ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण छलफल गरी पारित गर्ने,

३) सञ्चालक समितिले सिफारिश गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजीको १०.७८९५ (दश दसमलव सात आठ नौ पाँच) प्रतिशत नगद लाभांश दिने प्रस्ताव स्वीकृत गर्ने,

४) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद १ (एक) को निर्वाचन,

५) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७५/७६ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने, (वर्तमान लेखापरीक्षक बि आर एस एण्ड न्यौपाने चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन सक्नु हुनेछ )

**ख) विशेष प्रस्ताव**

१) सञ्चालक समितिले सिफारिश गरेबमोजिम बैंकको जारी र चुक्ता पूँजी वृद्धि गर्न चुक्ता पूँजीको ५ (पाँच) प्रतिशत बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने।

२) बैंकले आर्थिक बर्ष २०७४/७५ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सिमा नाघेको हुँदा सो अन्तर्गत बैंकले विभिन्न संघ संस्थाहरुलाई प्रदान गरेको रकमहरु क्रमशः काठमाडौं भ्याली प्रिजर्भेसन ट्रष्टलाई रु. १,००,००,०००/-, प्रधानमन्त्री सहायता कोषमा रु. ११,११,१११/-, एचबिएल दायित्व फेलोसिपलाई रु. १०,०८,०००/-, स्पाइनल इन्जुरी संघलाई रु. ७,५०,०००/-, सहयोगी हात संस्थालाई रु. ५,००,०००/-, श्री माईती नेपाललाई रु. १२,००,०००/-, श्री सिद्धि मेमोरियल फाउन्डेसनलाई रु. १,९९,७८४/-, श्री सामुदायिक स्वास्थ्य परिषदलाई रु. १,६६,७८८/-, त्रिदेवि मन्दिरलाई रु. १,३५,९५०/-, श्री बाराक गण सल्लेरीलाई रु. १,२९,०२४/-, महानगरिय प्रहरी बृत जनसेवालाई रु. १,३५,४५०/-, नेपालगंज उप-महानगरपालिकालाई रु. १,५०,०००/- , एसिया फर एनिमललाई रु. १,००,०००/-, दृष्टि विहिन श्री इच्छा के सीलाई रु. ५०,०००/-, सुनाकोठी समाजलाई रु. ५०,०००/-, नेपालमा भएका अनाथ असहाय बाल सुधार संघलाई रु. ७५,०००/-, गोदावरी आलुम्नी एसोशियसनलाई रु. १,००,०००/- मात्र अनुमोदन गर्ने।

३) बैंकको प्रबन्ध-पत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने,

**ग) विविध**

## जानकारी

१) मिति २०७५ साल पौष १६ गतेदेखि २०७५ साल पौष ३० गतेसम्म शेयर दाखिल खारेज बन्द रहने कुरा जानकारी गराइन्छ।

२) शेयरधनी महानुभावहरुलाई बैंकको शेयरधनी लगतमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन, प्रस्तावित प्रबन्धपत्र र नियमावलीको संशोधन सहितको विवरण पठाइने छ।

३) साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै प्रोक्सी फाराम बैंकको केन्द्रीय कार्यालय कमलादी समक्ष दर्ता गरिसक्नु पर्नेछ। मुकर्रर प्रतिनिधि बैंकको शेयरधनी हुनु अनिवार्य छ।

४) सभामा भाग लिन र मतदान गर्न प्रतिनिधिपत्र (प्रोक्सी) दर्ता गरिसके पछि सोलाई बदर गरी अर्को प्रतिनिधिपत्र (प्रोक्सी) दिन चाहेमा सोको सूचना ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय, कमलादीमा जानकारी दिनु पर्नेछ।

५) सञ्चालक पदमा उम्मेदवार हुनको लागि बैंकको नियमावलीको नियम १३ बमोजिम कम्तिमा १०० कित्ता शेयर लिएका शेयरधनीहरुले निर्वाचन हुने दिनभन्दा १५ दिन अगावै एकजना शेयरधनी प्रस्तावक र अर्को एकजना शेयरधनी समर्थक सहित आफ्नो उम्मेदवारी तोकिएको ढांचाबमोजिम बैंकको केन्द्रीय कार्यालय, कमलादीमा दरखास्त दर्ता गर्नुपर्नेछ।

६) छलफलको विषयमध्ये विविध शीर्षकअन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखितरुपमा दिनुपर्छ।

७) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभा हुने दिन हितग्राही खाता खोलिएको (De-Mat) र शेयरधनी परिचयपत्र वा शेयरधनी परिचय नम्बर लेखिएको शेयर प्रमाणपत्र साथमा लिइ आउनुहुन अनुरोध छ।

८) नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछन्।

९) एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकर्रर गरेकोमा सो बदर नगरी अर्को प्रतिनिधि मुकर्रर गरेमा जुन मुकर्रित लिखत बैंकको केन्द्रीय कार्यालय कमलादीमा पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ।

१०) हाजिर पुस्तिका बिहान १०:०० बजेदेखी खुल्ला रहने छ।

११) सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद १ (एक) को निर्वाचनको सम्बन्धी कार्यक्रमको निर्वाचन अधिकृतले छुट्टै सूचना प्रकाशित गरि जानकारी गराइने छ।

**शेयरधनी महानुभावहरूलाई विशेष जानकारी :**

क) बैंकले आफ्ना शेयरधनीहरुलाई न्यूनतम मौज्दात रु. ५००।-(पाँच सय) मा शेयरधनी बचत खाता खोल्ने व्यवस्था गरेको छ। त्यसरी खाता खोल्ने शेयरधनीहरुको लाभांश रकम उक्त खातामा जम्मा गरिनेछ।

(ख) आ.व. २०७३।७४ र सोभन्दा अगाडिको लाभांश तथा बोनस शेयर नलिनु भएका शेयरधनीहरुले बैंकको कमलादीस्थित प्रधान कार्यालय, कानून तथा शेयर शाखाबाट लिनु हुन अनुरोध छ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**